YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 7

CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn



# चीनमा सुधार र खुलापनको ४० औं वार्षिकोत्सव

सम्पादकीय टिप्पणीः सन् २०१८ साल चीनमा सुधार र खुलापनको ४०औं वार्षिकोत्सव हो। सुधार र खुला नीतिले चीनलाई गहिरोसँग परिवर्तन गरेको छ। विश्वलाई पनि ठूलो असर पारेको छ। यस खबरपत्रिकामा 'सुधार र खुलापनको ४०औं वार्षिकोत्सव' भन्ने विशेष अनुभाग खोलेर पाठकवर्गलाई चीनमा सुधार र खुला नीतिका महान् उपलब्धिप्रति जानकारी गराउने, नयाँ युगमा चीनको सुधार सर्वमुखी रूपमा गहिरो बनाउने र खुलापन विस्तृत गराउने दृढ विश्वास देखाउने चाहना छ।



**हाइ स्पीड रेलबाट युन्नानको 'मित्र सर्कल' विस्तृत**

गर्मीको एक बिहान, युन्नान प्रान्तको वेनशान चुआङ र म्याओ जातीय स्वशासित अंचलअन्तर्गत फुचहे नगरको सिआन रेनतुङ गाउँमा बसेका ल्यू बाओह्वाले पहिलो व्यापार शुरु गरेको छ। उनी लामो लामो बागडोर हल्लाउँदै, गीतको धुन गुनगुनाउँदै, यात्रीहरू लादेका घोडा गाडी सिआन रेनतुङ गाउँतिर खुशीका साथ गुडाइरहेका थिए।

सिआन रेनतुङ गाउँ चार ए (AAAA) स्तरयुक्त राष्ट्रिय दर्शनीय क्षेत्र फुचहेमा पर्दछ। विगतमा यहाँका गाउँलेहरू माछा पाल्न र खेती गर्नमा जीवन बिताउँदथे। सन् १९९३ सालअघि सारा गाउँमा प्रतिव्यक्तिको औसत वार्षिक आय ३०० युआन मात्र थियो। सन् २०१६ सालको डिसेम्बर २८ मा खोलेको युन्नान-ग्वाङसी रेलमार्गमा यहाँ फुचहे स्टेशन राखेको छ। यही कारणले यो सानो गाउँले 'हाइ स्पीड रेलको युग' मा एक कदममै प्रवेश गरेको छ। बढीभन्दा बढी पर्यटकहरू फुचहे भ्रमण गर्न आउँछन्। 'अहिले यात्रीहरू लगेर दर्शन गराएर हरेक दिन ४०० देखि ५०० युआनको आम्दानी छ।' ल्यू बाओह्वाले हाँसेर भन्यो। रेलवे राष्ट्रिय अर्थतन्त्रको प्रमुख धमनी हो। चीनमा सुधार र खुलापनको ४० वर्ष बित्दै जाँदा चिनियाँ सरकारबाट आधारभूत संरचना निर्माणमा लगानीको निरन्तर वृद्धिका साथै युन्नानमा रेलवेको निर्माण पनि सशक्त रूपमा अग्रसर भइरहेको छ। सन् १९८७ सालमा ग्वेइ-खुन रेलवेको विद्युतीकरण पुनर्निर्माण परियोजनाअन्तर्गत फङह्वाङशानदेखि खुनमिङसम्मको परियोजना शुरु भएको थियो। १९९० सालको जुलाईमा सम्पूर्ण रेलवे खोलियो र परिवहन क्षमता १ करोड ७० लाख टनले थप्यो। रेलको सामान्य गति विद्युतीकरणअघिको प्रतिघण्टा ६२ किलोमिटरदेखि ७० किलोमिटरसम्म बढ्यो। युन्नानमा 'रेलभन्दा मोटर छिटो चल्छ' भन्ने 'सय वर्षको अनौठो कुरा' पनि परिवर्तन भयो।

२१औं शताब्दीमा प्रवेशपछि युन्नानले '८ रेलमार्ग वाह्य प्रान्तमा जाने र ५ रेलमार्ग सिमाना पार गर्ने' रेल सञ्जालको परिकल्पना गरेको थियो। सारा प्रान्तको रेलमार्ग निर्माणमा अभूतपूर्व विकासको अवसर मिल्यो। सन् २००४ सालदेखि चिनियाँ रेलवे समूह कम्पनीअन्तर्गत खुनमिङ विभागले देशको 'राष्ट्रिय रेलवे सञ्जालको मध्यम-दीर्घकालीन योजना' लागू गर्ने अवसर लिएर ठूलो मात्रामा सडक सञ्जालको निर्माण बढाउँदै आएको छ। सन् २०१६ सालको डिसेम्बर २८ मा शाङहाई-खुनमिङ, युन-ग्वेइ र खुनमिङ-युसी रेलमार्ग एकै समयमा खोलिएपछि युन्नानले औपचारिक रूपमा हाइ स्पीड रेलको युगमा प्रवेश गरेको छ।

युन्नानमा २३२ राष्ट्रिय स्तरका पर्यटकीय स्थलहरू छन्। शिलीन, हुङ्ह, दाली, लिज्याङ, सिश्वाङबान्ना, टङछोड, शाङ्ग्रिला आदि देशविदेशमा प्रख्यात पर्यटन गन्तव्य युन्नानमा छन्। हाइ स्पीड रेल खोलेपछि युन्नान र दक्षिण चीन, पूर्व चीन र उत्तर चीनबीचको समय र अन्तरिक्ष दूरी धेरै छोट्टिसकेको छ। युन्नानको 'मित्र सर्कल' पनि विस्तृत भएको छ। अहिलेसम्म युन्नानको हाइ स्पीड रेलले जम्मै १ करोड ७५ लाख ७ हजार यात्रीहरू पठाएको छ। चीनमा १६ प्रान्त (स्वशासित क्षेत्र र महानगरपालिकासहित) का केन्द्रीय शहर जाने हाइ स्पीड रेलको सेवा खोलिएर आधाभन्दा बढी चीनलाई ढाकिएको छ। *(हु स्याओरुङ)*

## आवाज

### 'शाङघाई स्पिरिट' को नयाँ अर्थ

यस सालको जुन ९-१० तारिख शाङहाई सहयोग संगठनका सदस्य देशका प्रमुख परिषदको १८ औं बैठक छिङताओमा सम्पन भएको छ। यो शिखर सम्मेलन शाङघाई सहयोग संगठनका सदस्य विस्तृत भई पहिलो बैठक हो। यस वर्षमा चीनमै दोस्रो ठूलो गृह कूटनीतिक गतिविधि पनि हो। चीनको गृह कूटनीतिक आकर्षण निकै बढेको छ। विश्व समुदायले 'चिनियाँ आर्थिक सवारी' चढ्नुबाट 'चिनियाँ अवधारणा एक्सप्रेस' चढ्नुमा परिणत गर्ने आशा गर्दछ। चीनले खुलापन र समावेशमा जोड दिन्छ, र साझेदारहरूको व्यापक समर्थन प्राप्त गरेको छ।

चिनियाँ बुद्धिमत्ताको सहयोगमा शाङघाई सहयोग संगठनको छिङताओ शिखर सम्मेलनले भविष्यको विकास खाका व्यापक रूपमा योजना गरेको छ। राष्ट्रपति सी चिनफिङले शाङहाई सहयोग संगठनको शिखर सम्मेलनमा सम्बोधन गर्दै 'कन्फ्युसियसले तुङशान पहाड चढेर तलको लू राज्यलाई सानो भएजस्तै देखे, अनि विशाल ताई माउण्टेन चढेर सारा विश्वलाई देखे' भन्ने चिनियाँ भनाइअनुसार उच्च पहाड चढेर टाढामा हेर्नुपर्छ, विश्व र युगको प्रवृत्ति राम्ररी जानकारी लिनुपर्छ भन्ने औँल्याउनु भयो। यस पटकको छिङताओ शिखर सम्मेलनमा चीनले आजको विश्वको ठूलो विकास, ठूलो परिवर्तन र ठूलो समायोजनको अवधिलाई राम्ररी परिक्षण र जाँच गरेर राजनीतिक, आर्थिक, सांस्कृतिक र सुरक्षा आदि अन्य धेरै क्षेत्रमा समस्या र चुनौती रहे तापनि सक्रिय प्रवृत्ति अपरिवर्तनीय मूल धारा हो भन्ने कुरामा जोड दिएको छ।

'सिर्जनशीलता, समन्वय, हरियो, खुलापन र साझेदारी' भन्ने विकास धारणा चीनले पहिलो प्रस्तुत गरेको नयाँ विकास अवधारणा हो। शाङघाई सहयोग संगठनले विकासको समस्या समाधान गर्न र विकासको अन्तर छोट्याउनका लागि यो अवधारणाको निर्देशन नभई हुँदैन। सामूहिकता, संश्लेषण, सहयोग र स्थिरता भन्ने सुरक्षा धारणा सन् २०१४ सालमा राष्ट्रपति सीले प्रस्तुत गरेको नयाँ सुरक्षा धारणा हो। अहिले यो धारणा शाङहाई सहयोग संगठनको सुरक्षा सहयोगको आधार बनेको छ। सुधार, मिलनशीलता, आपसी लाभ, जित-जित भन्ने सहयोग धारणा शाङघाई सहयोग संगठनले आर्थिक वैश्वीकरणको प्रतिवाह सामना गर्ने, व्यापार संरक्षणवादको विरुद्ध गर्ने र दिगो विकासलाई बढावा दिने जादू हतियार हो। समानता, एक-अर्काबाट सिक्नु, संवाद र सहनशीलता भन्ने सभ्यता धारणा 'शाङघाई सहयोग संगठनको स्पिरिट' को लक्ष्य हासिल गर्ने र विविध सभ्यताको सम्मान गर्ने भरपर्दो र विश्वसनीय पकड हो। छलफल, सहनिर्माण र साझेदारीता भन्ने विश्व प्रशासन धारणाको पालन गरेर शाङघाई सहयोग संगठनलाई विश्व प्रशासन प्रणालीको पूर्णता दिन प्रोत्साहन गर्नुपर्छ।

राष्ट्रपति सीले के प्रस्ताव गरे भने, सुरक्षा, अर्थ र मानविकी यिनै तीन 'पाङ्ग्रा' का विकास गर्नुबाहेक, अन्तर्राष्ट्रिय सम्पर्क र सहयोगको विस्तारलाई शाङघाई सहयोग संगठनको विकासको चौथो 'पाङ्ग्रा' को रूपमा बनाउनुपर्छ। यो प्रस्ताव शाङघाई सहयोग संगठनको सहमति भएको छ।

*(जन दैनिक अखबारको विदेशी संस्करणबाट उद्धृत, लेखक : शु स्याउहुवी, चिनियाँ अन्तर्राष्ट्रिय मामिला अध्ययन संस्थानअन्तर्गत अन्तर्राष्ट्रिय रणनीति अनुसन्धान विभागका उपनिर्देशक)*

## असल छिमेकी

### खुनमिङका ५ वटा अस्पताल JCI बाट प्रमाणीकृत

पत्रकारले हालै थाहा पाएअनुसार, युन्नान प्रान्तको खुनमिङ नगरमा अहिले ५ वटा अस्पताल JCI बाट प्रमाणीकृत भए। तिनीहरूमध्ये सरकारी अस्पताल २ वटा छन् - खुनमिङ बाल अस्पताल र खुनमिङ प्रथम जन अस्पताल (गानमई)। अन्तर्राष्ट्रिय 'पासपोर्ट' पाउनुको मतलब के छ भने विदेशीहरू यहाँ इलाज गरे भने सरासर विदेशी स्वास्थ्य बीमाको सुविधा पाउने छन्।

जानकारीअनुसार JCI (Joint Commission International) अमेरिकन मेडिकल इन्स्टिच्युट प्रमाण संयुक्त समितिअन्तर्गत अन्तर्राष्ट्रिय विभागको संक्षिप्त नाम हो। र विश्व स्वास्थ्य संगठन र अन्तर्राष्ट्रिय स्वास्थ्य हेरचाह गुण एसोसिएशनद्वारा स्वीकृत विश्वभर अस्पतालको क्वालिटी आकलन गर्ने प्राधिकृत प्रमाण निकाय हो। यस निकायका मापदण्डका वैज्ञानिकता, कठोरता सारा संसारमा चिनिन्छ। यो मापदण्ड विश्वमा मेडिकल संस्थाहरूको गुणस्तर प्रमाणित गर्ने 'सुनको मानक' पनि हो। यसले अस्पतालको सेवा र व्यवस्थापनको उच्चतम स्तरको प्रतिनिधित्व गर्दछ। *(चाङ युङ)*

## पर्यटन

### 'युन्नान भ्रमण' एपीपी परीक्षण गर्न अनलाइन

जुन १ तारिखदेखि 'युन्नान भ्रमण' एपीपी अनलाइन भएर पूर्ण रूपमा परीक्षणको संचालनमा छ। यो अनुप्रयोग प्रोग्राम युन्नान प्रान्तीय सरकार र Tencent निगमले संयुक्त रूपले बनाएको चीनमा पहिलो प्रान्तीय तहको पर्यटन बुद्धिमत्ती प्लेटफार्म - 'एक्लै मोबाइलबाट युन्नानको भ्रमण' को पहिलो चरणको फल हो। 'मोबाइल लिएर युन्नान भ्रमण - मन लाग्यो भने तुरुन्तै जाने, चिन्ताबाट मुक्त हुने' सपना मूलतः साकार भएको छ।

हालमा प्रयोगकर्ताले आफ्नो मोबाइलमा विभिन्न अनुप्रयोग स्टोरबाट 'युन्नान भ्रमण' एपीपी डाउनलोड गर्नसक्छन्। निमन्त्रणा कोडका लागि आवेदन दिनुपर्दैन। यसअघि बीटा संस्कारण मार्च २ मा बेइजिङको उत्पादन प्रचारप्रसार मेलामा उद्घाटित भएको थियो। अहिलेसम्म ३ महिनाको परीक्षण, विफलता र पूर्णता गरिसकेको छ। युन्नान भ्रमणमा 'देख्नेबित्तिकै चिनिहाल्ने', 'शौचालय खोज', 'दर्शनीय क्षेत्रको दृश्यावलोकन', 'टिकट किन्ने', 'दर्शनीय गाइड', 'सुविधायुक्त हाइवे', 'बुद्धिमती पार्किङ स्थल' आदि ७ वटा वीच्याट एपलेट्स सँगसँगै लाइनमा छ। जानकारीअनुसार, 'युन्नान भ्रमण' एपीपीको परीक्षण बेलामा 'मेरो विकासमा तपाईंको सहयोग छ' भन्ने कार्यक्रम आयोजना गरेर प्रयोगकर्ताको टिप्पणी र सुझावहरू समेट्ने र निरन्तर रूपमा नवीकरण गर्ने र पूर्णता दिने भएका छन्। 'युन्नान भ्रमण' एपीपी मालको इन्टरनेट, क्लाउड कम्प्युटिङ, बिग डेटा, आर्टिफिसियल इन्टेलिजेन्स, फेस पहिचान, एपलेट्स, Tencent क्लाउड, WeChat भुक्तानी आदि धेरै मुख्य प्रविधिहरूका भरोसामा होटल, रेस्टुरेन्ट, दर्शनीय क्षेत्र र वाणिज्य आदि पर्यटन उद्योगको सम्पूर्ण शृंखला राम्ररी मिलाएर यात्रीहरूलाई पूर्व यात्रा, यात्रा र पोस्ट यात्राका सम्पूर्ण सेवाहरू उपलब्ध गराइने छन्। हालमा यस प्लेटफार्ममा ३५०० होटलहरू, ४००० रेष्टुरेन्टहरू, ६९० यात्रा एजेन्सीहरू र ४३०० टुरिस्ट गाइडहरू मूल्यांकित भई लाइनमा छन्। *(चु हाइ ल्यू जियु)*

## आदानप्रदान

### पोखरा र खुनमिङबीचको पर्यटन सहयोग सबल पार्न अपेक्षित

केही दिनअघि पोखरा प्रतिनिधिमण्डलले खुनमिङ भ्रमण गरेर खुनमिङसँग गहिरो रूपमा पर्यटन सहयोग गर्ने अपेक्षा गरेको छ। खुनमिङ र पोखरा सन् २०१३ सालमा मितेरी शहर स्थापना गरेपछि दुवै पक्षले पर्यटन, व्यापार, शिक्षा आदि क्षेत्रमा फलदायी आदानप्रदान र सहयोग गरेका छन्। गत नोभेम्बरमा पोखरा महानगरपालिकाले खुनमिङमा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण शहर पर्यटन सहयोग सम्मेलनमा एक प्रतिनिधिमण्डल पठाएको थियो र खुनमिङको नेतृत्वमा गठित पर्यटन सङ्घको सदस्य पनि बनेको थियो।

पोखरामा पर्यटकहरू बन्जी जम्पिङ्ग, चट्टान चढाई, पराग्लाइडिङ र अन्य खेलकुद कार्यक्रम अनुभव गर्न सक्छन्। अद्वितीय स्थानीय रीति-रिवाजको मजा पनि लिन सक्छन्। हालसाल पोखरा विश्वका मुख्य पर्यटन गन्तव्यमध्ये एक गनिन्छ। स्रोतका अनुसार भविष्यमा पोखराले खुनमिङका लागि सहुलियत यात्रा कार्यक्रम बनाउने छ। अधिक खुनमिङबासीहरू पोखरा भ्रमण जाऊन् भन्ने आशा गर्दछ। यसबाहेक दुवै पक्षले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण शहर पर्यटन सङ्घको प्लेटफार्ममा यस वर्षभित्रै खुनमिङवासीहरू सोधपुछ र जानकारी गर्नका लागि पोखराको पर्यटन स्रोतहरू सङ्घको वेबसाइटमा अपलोड गर्ने भएको छ।

*(खुनमिङ दैनिक अखबार, तुङ युहुङ)*

### नेपाली भन्सार अधिकृत प्रशिक्षण कार्यक्रम खुनमिङमा आयोजित

जुन १ तारिख, चिनियाँ वाणिज्य मन्त्रालयको संयोजकत्वमा युन्नान अन्तर्राष्ट्रिय आर्थिक टेकनीकि आदानप्रदान केन्द्र (युन्नान विदेशी सहायता अधिकृत प्रशिक्षण आधार) द्वारा प्रायोजित र युन्नान वित्त र अर्थशास्त्र विश्वविद्यालयअन्तर्गत अन्तर्राष्ट्रिय व्यापार कालेजको सहायतामा २०१८ नेपाली भन्सार अधिकृत प्रशिक्षण कार्यक्रमको उद्घाटन समारोह खुनमिङमा सम्पन्न भयो।

२१ दिने प्रशिक्षण क्लासमा २२ जना नेपाली अधिकृत भर्ना भए। चिनियाँ सरकारबाट, विश्वविद्यालयबाट र भन्सार क्षेत्रबाट आमन्त्रित सम्बन्धित विशेषज्ञ र विद्वानहरूले शिक्षार्थीलाई चिनियाँ आर्थिक विकासका सफलताहरू जानकारी दिए। भन्सारको निरीक्षण, कर तथा तथ्यांक क्षेत्रमा सम्बन्धित अनुभवहरू पनि शेयर गरे। यसबाहेक, प्रशिक्षण क्लासका विद्यार्थीहरूले हफेइ शहर र ह्वाङशान शहरका निकाय तथा उदयोगहरूका भ्रमण र निरीक्षण पनि गरे। चीनले सिर्जनशीलता, नयाँ उत्पादनको अनुसन्धान र विकास, उद्योग 'वाह्य जाने' क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरू पनि उनीहरूसँग राम्रो जानकारी गराइए। यसका साथै, शिक्षार्थीहरूलाई चीनसँग बहुमुखी जानकारी गराउनुका लागि चिनियाँ साँस्कृतिक अनुभव क्लास पनि खोलिए। शिक्षार्थीहरूले चिनियाँ संस्कृतिको अनुभव गरे, युन्नानका जातीय विशेषता पनि महसुस गरे। *(यस पत्रिकाबाट सम्पादित)*

## खेलकुद

### युन्नानमा विदेशी क्रिकेट टोली



कास्टिङ, हिट, दौड र स्कोर, सारा दर्शकहरू उत्साहपूर्वक जय जयकार गर्छन्... यसरी मेच गरिरहेको युन्नानको पहिलो विदेशी क्रिकेट क्लब हो। क्रिकेट सबभन्दा पहिले ब्रिटेनमा उत्पत्ति भएको हो। हाल अष्ट्रेलिया, न्यूजिल्याण्ड र पाकिस्तान, भारत, नेपाल, बंगलादेश आदि दक्षिण एशियाका देशहरूमा खूब प्रचलित छन्। सन् २०१६ सालमा अंग्रेज लुआन र उनका साथीहरूले युन्नान क्रिकेट क्लब स्थापित गरे। हालमा यो क्लब टोलीमा ६५ सदस्यहरू छन्। उनीहरू युन्नानमा पढ्ने र बस्ने विदेशी क्रिकेट-प्रेमी हुन्। लुआन ब्रिटेनको न्यूकासलबाट आएका हुन्। केही वर्षअघि उनले लिनछाङकी केटीसँग विवाह गरेपछि युन्नान उनको वास्तविक घर बन्न पुग्यो। लुआनले भने, मध्य एशिया, दक्षिण एशिया र दक्षिण-पूर्व एशियामा धेरै उत्कृष्ट क्रिकेट खेलाडीहरू छन्। युन्नान प्रान्त चीनमा दक्षिण एशियासँग सबभन्दा नजिक प्रान्त हो। यसका अतुलनीय प्राकृतिक फाइदा छ। युन्नानमा क्रिकेट खेलको विकास गर्यो भने सजिलैसँग विदेशी खेलाडीहरूसँग आदानप्रदान गर्न सकिन्छ। यसबाहेक, क्रिकेट एक किसिमको आउटडोर खेल हो। धेरै ठाउँमा जाडो बेलामा क्रिकेट खेल्न सकिँदैन, बरु युन्नानमा खेल्ने हुन्छ। युन्नान विदेशी क्रिकेट क्लबका सदस्यहरू धेरै जसो पाकिस्तानबाट आएका हुन्। ६-७ जना बंगलादेशी पनि क्लबमा छन्। यसबाहेक ब्रिटेन, भारत आदि देशबाट आएका क्रिकेट-प्रेमीहरू पनि छन्। युन्नानमा अध्ययनरत विदेशी विद्यार्थीहरू क्लबमा पनि छन्। बंग्लादेशबाट आएका साङदी यो क्लब टोलीका कप्तान हुन्। उनी अहिले खुनमिङ मेडिकल विश्वविद्यालयमा चिकित्सा शास्त्र र सर्जरीको बैचलर डिग्रीका लागि पढिरहेका छन्। हरेक आइतबार साङदी क्रिकेट मैदानमा आउने गर्छन्, दिउँसो ११ बजेदेखि बेलुका ४ बजेसम्म टोलीका साथीहरूसँग पसीना बगाएर तालीम गर्छन्।

क्रिकेट क्लब स्थापित भएदेखि अहिलेसम्म टोलीका सदस्यको संख्या बढ्दै गइरहेको छ। लुआन र साङदीलाई यस क्लबको विकासमा ठूलो विश्वास छ। अचेल क्लब अरू सहयोग साझेदारहरू खोज्दैछ, आफ्नो शक्ति र प्रभाव विस्तार गर्नुका लागि। बढीभन्दा बढी क्रिकेट-प्रेमीहरू यस टोलीमा भर्ना हुन आकर्षित भएर क्रिकेटको मजा लिन सकुन् भन्ने उनीहरूको आशा छ। *(ली हङछ्याङ)*

## संस्कृति

### फ्रेञ्च संग्रहित कलाकृति खुनमिङमा प्रदर्शित



जुन ६ देखि सेप्टेम्बर ९ सम्ममा 'फ्रेञ्च राष्ट्रिय प्लास्टिक कला केन्द्र र पेरिस राष्ट्रिय उच्चस्तरीय ललित कला एकेडमीका संग्रहित कलाकृति प्रदर्शनी' युन्नान प्रान्तीय संग्रहालयमा मुफ्तमा गरिन्छ।

यस पटकको प्रदर्शनीमा कला इतिहासमा एक महत्वपूर्ण सम्प्रदाय - फ्रान्सेली एकेडमी सम्प्रदायका चमत्कार कलाकृति मुख्य रूपमा देखा परेका छन्। प्रदर्शित भएका १०३ कृतिहरूमध्ये उत्कृष्ट कलाकार डोमिनिक इंगलको 'जुपिटर र कर्टिस', यूजीन डिलैक्रोक्सको 'फ्रान्कोइस रबेरेको तस्बिर' आदि महत्वपूर्ण कृतिहरू छन्। स्रोतका अनुसार यस वर्षको संग्रहित कलाकृतिको प्रदर्शनी चीनमै दुई ठाउँमा मात्र गरिन्छ - चिनियाँ राष्ट्रिय संग्रहालय र युन्नान प्रान्तीय संग्रहालय।

*(ली युइछुन ली छयौमिङ), चिनियाँबाट नेपालीमा अनुवादः ह ठाव रुङ*

## गरिबी निवारण, साझा समृद्धि

### कलेजबाट स्नातक ग्रामीण अधिकारीद्वारा चिया किसानलाई मद्दत

युन्नानको छाङनिङ जिल्ला 'हजार वर्षको चिया गाउँ' कहलिएको छ। यस जिल्लाको वनझुआन नगरअन्तर्गत सोङशान गाउँका सडकपट्टि एक चिया कारखाना छ। यहाँ पस्दा बाँस टोकरीको पङ्क्ति आँगनमा चिटिक्क परेर राखिएको देखिन्छ। एक जना सेतो लुगा लगाएको जवान मानिस परम्परागत शिल्पले कालो चिया पोल्दैछ।

यो जवान मान्छेको नाम ली जिआनस्युन हो। उनी सोङशान गाउँको ग्रामिण अधिकारी हुन् जो कलेजबाट स्नातक भएका हुन्। सन् १९९२मा जन्मेका ली सानै उमेरदेखि छाङनिङ जिल्लाको शहरमा बसेका छन्। युन्नान कृषि विश्वविद्यालयको वनस्पति संरक्षण विभागबाट उनी स्नातक भएको हुन्। सानैदेखि चिया गाउँमा बस्दा लीको मनमा चियाको गहिरो माया छ। कालेजमा पढ्दा उनले चियाबारे धेरै विषयहरू सिकेका थिए। उनले चिया पकाउने, टिप्पणी र प्रशोधन गर्ने उच्च स्तरीय प्रमाणपत्र पनि पाएका थिए। आशा भएन, चियाप्रतिको यो रुचिले उनले सोङशान गाउँमा प्रवेश गरेका थिए।

सोङशान एउटा पहाडी गाउँ हो, चिया उत्पादनको ठूलो गाउँ पनि हो। गाउँलेको आम्दानी मुख्यतः चियाबाट आर्जन गरिएको हो। यहाँ चियाको वास्तिवक रोपण क्षेत्रफल १ हजारभन्दा बढी हेक्टर पुगेको छ। सन् २०१५ को नोभेम्बरमा यो गाउँमा आएदेखि ली जिआनस्युन चियामा मन लगाएर काम गर्दै आएका छन्। चाय रोपणदेखि चियाको पात टिप्ने, प्रबन्ध गर्ने र प्रशोधन गर्नेसम्मको हरेक काममा उनी संलग्न छन्। नयाँ विचार र प्रविधिहरू चाय किसानहरूलाई फैलाउने गर्छन्।

दुई वर्षदेखि उनले गाउँमा ३० पटक ५०० भन्दा बढी किसानलाई चाय प्रविधिको प्रशिक्षण गरेका छन्। चिया संस्कृति तालिम २०० विद्यार्थीलाई र १०० किसानलाई पनि दिएका छन्। आफ्ना मातापिताको नाममा बैंकबाट ऋण लिएर उनले एउटा पुरानो चिया कारखाना भाडामा पाएर केही परिवर्तन गरी अरूहरूसँग साझेदारी रूपमा चिया कम्पनी खोले। उनी 'कलेज विद्यार्थी + ग्रामिण अधिकारी + कम्पनी + चिया किसान' को ढाँचामा चिया उद्योगको निरन्तर विकास मार्ग खोजिरहेका छन्।

सटीक गरिबी निवारणको काममा ली जियानस्युनले दर्ता गरिएका र कार्डधारक दुई गरिब परिवारको जिम्मेवार लिएका छन्। उनलाई फुर्सद छ भने यी दुई गरिब परिवारमा भ्रमण गर्छन्। उनीहरूलाई इकोलोजिकल चिया रोप्न र वैज्ञानिक रूपमा प्रबन्ध गर्न निर्देशन गर्छन्। चियाको पात खरिद बेलामा यी दुई परिवारलाई सामान्य दामको आधारमा प्रतिकेजी ०.५ युआन थपेर पूर्ति गर्छन्।

'ली जिआनस्युन मेरो परिवारलाई सहायता दिन आएमा धेरै राम्रो कुरा हो। उनी हामीलाई चिया रोप्ने, हेरचाह गर्ने र टिप्ने प्रविधि मात्र सिकाउँदैनन्, मैले बुझाएको चिया उनी प्रतिकेजी ०.५ युआन पनि थप्ने गर्छन्।' उनको सहायता सुनाउँदा गरिब किसान ली यिनशुको मनमा उत्तेजना लुक्न सकेन। सन् २००७ सालमा ली यिनशुको परिवारमा चियाको आम्दानी २४ हजार युआन पुगेको छ र २००६ सालको तुलनामा ४ हजार युआन बढेको छ। *(याङ चहुइ, वु जाइजोङ)*